# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०८।११ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको ।

राष्ट्रिय अनुसन्धान विभाग, जिल्ला कार्यालय, सप्तरीमा दरबन्दी रही सप्तरी जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिका अन्तर्गतका सीमा नाका हेर्ने गरी खटिएका सूचक पदमा कार्यरत धर्मेन्द्रकुमार झाले भन्सार नाकाबाट सामान ल्याउन सहजीकरण गरी दिने भनी सेवाग्राहीबाट घुस/रिसवत माग गरिरहेको भन्ने उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले निजलाई रु. ५,०००।- (पाँच हजार) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सप्तरीका सूचक धर्मेन्द्रकुमार झाले सेवाग्राहीलाई नियमानुसार भारतबाट बिहे/पार्टीमा लगाउने टेन्ट लगायतका सामान ल्याउने क्रममा घुस/रिसवत माग गरी दुःख हैरानी दिई घुस दिए भारतबाट सामान ल्याउन भन्सार तथा सुरक्षा निकायसँग सहजीकरण गरिदिने भनी रु.५,०००।-(पाँच हजार) घुस/रिसवत लिएको प्रमाणित भएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा निज धर्मेन्द्रकुमार झालाई बिगो रू.५,०००।- (पाँच हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला